# सन्धिखर्क नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८१/८२
चलानी नं.

मितिः २०८१/०७/२६
ने.सं. ११४५

**हरिबोधिनी एकादशीको दिन सवारीसाधनको व्यवस्थापन सम्बन्धी अत्यन्तै जरूरी सूचना ।**

सन्धिखर्क नगरपालिकाको वडा नं १ र २ को सन्धिखर्क बजार र चुत्रावेशी बजारमा श्री हरिबोधिनी एकादशीको दिन लाग्ने मेला र भैलो व्यवस्थित बनाउन मिति २०८१ साल कार्तिक २७ गते विहान ६.०० बजे देखी बेलुका ६ बजे सम्म सन्धिखर्क र चुत्रावेशी बजारमा माल बहाक ट्रक/बस चारपाङ्ग्रे र दुइ पाङ्ग्रे सवारीका साधन प्रवेशमा देहाय बमोजिम हुने गरी रोक लगाउने निर्णय भएको हुँदा सोहि अनुसार गर्नु गराउनु हुन सबैमा यसै सूचना मार्फत जानकारी गराइन्छ।

१. खनदह, खन, जिमुर्थुम, तम्घास बल्कोट वङ्गला र च्यानडाँडा हुँदै पाणिनी क्याम्पसबाट सन्धिखर्क बजार तर्फ आउने सवारी साधनहरु बस पार्कमा गइ पार्किङ् गर्ने ।उल्लिखित सडक प्रयोग गरी सिधै सन्धिखर्क बाहिरीने सवारीका साधनहरू पाणिनी चोक गुन्टीखोला टुँडिखेल जिल्ला प्रहरी कार्यालयबाट शान्तिनगर टोल हुँदै सन्धिखर्क गोरूसिङ्गे सडकबाट बाहिरीने।

२. गोरूसिङ्गे-सन्धिखर्क हुँदै खनदह, खन, जिमुर्थुम, च्यानडाँडा वङ्गला बल्कोट, निस्कने सवारीका साधनहरु शान्तिनगर चोक,जिल्ला प्रहरी कार्यालय, टुँडिखेल गुन्टीखोला र पाणिनी चोक हुँदै सिधै आफ्नो गन्तव्यमा लाग्ने। र सन्धिखर्क बजार सम्म मात्र गन्तव्य रहेका सवारीका साधनहरू मङ्गलबार लाग्ने हाटबजारको साइटसम्म बिहान ६.०० बजे देखि बेलुका ६.०० बजे सम्म रोकि राख्ने ।

३. गोरूसिङ्गे -सन्धिखर्क बसपार्क हुँदै हंसपुर, अर्घा, साइट तर्फ निस्कने सवारीका साधनहरू शान्तिनगर चोक, जिल्ला प्रहरी कार्यालय, टुँडिखेल गुन्टीखोला र पाणिनी चोक बसपार्क रूब्दी हुँदै सिधै आफ्नो गन्तव्यमा लाग्ने।

४. हंसपुर, बिहार, अर्घा साइटबाट तल झर्ने सवारीका साधनहरु बस पार्कमा गइ पार्किङ्ग गर्ने ।उल्लिखित सडक प्रयोग गरी सिधै सन्धिखर्क बाहिरीने सवारीका साधनहरू पाणिनी चोक गुन्टीखोला टुँडीखेल जिल्ला प्रहरी कार्यालय हुँदै शान्तिनगर टोल हुँदै सन्धिखर्क गोरूसिङ्गे सडकबाट बाहिरीने ।

५. गोरूसिङ्गे सन्धिखर्क हुँदै धारापानी, खिल्ली, असुरकोट साइट तर्फ निस्कने सवारीका साधनहरू अलुवा खोला देखि सालझण्डी ढोरपाटन सडक खण्ड प्रयोग गरी कुर दुवार मो.वा

हुँदै नुवाकोट साइटबाट आफ्नो गन्तव्यमा लाग्ने सन्धिखर्क सम्म गन्तव्य भएका सवारीका साधनहरू ज्योती पेट्रोल पम्प क्षेत्रसम्म पार्किङ् गरि राख्ने।

६. धारापानी, खिज्ली, असुरकोट तर्फबाट सन्धिखर्कसम्म वा सन्धिखर्क बाहिर निस्कने सवारीका साधनहरूले नुवाकोट, कुर, धारापानी, किमडाँडाका, सवारीका साधनहरू मध्ये सन्धिखर्क गन्तव्य भएका सवारीका साधनहरू क्रमश अर्घाखाँची आवासीय विद्यालयको माथिल्लो क्षेत्र बेल्बाटीका र सन्धिखर्क नगरपालिकाको २ नं वडा कार्यालय र सिटी टावर आसपासको क्षेत्रमा पार्किङ् गरि राख्ने । गोरूसिङ्गे तर्फ गन्तव्य भएका सवारीका साधनहरू नुवाकोट कुर दुवार मो.वा प्रयोग गरी अलुवा खोला निस्की आफ्नो गन्तव्य तर्फ लाग्ने ।

७. २०८१ साल कार्तिक २७ गतेका दिन सन्धिखर्क बजार भित्र मालबाहक सवारीका साधनहरू लोड तथा अनलोड र प्रवेश गर्न नदिने बजार क्षेत्रभित्र छिर्ने मालबाहक सवारीका साधनहरू प्रवेश नाकामा नै रोकि राख्न लगाउने ।

८. सन्धिखर्क बजार क्षेत्रभित्र सडक स्तरोन्ती गर्न लागिएकोले सडक स्तरोन्ती गर्ने कार्यको सहयोगका लागि सडकमा रहेका पुराना पोल विस्थापित गरि नयाँ पोलहरू राख्ने र पुराना पोलहरूमा रहेका विभिन्न सञ्चार तथा विद्युतीय केवलहरू समेत व्यवस्थित गरी बजारको सौन्दर्यीयकरण बढाउन सम्बन्धित संघ/संस्था एवम् व्यवसायीहरूले सम्बन्धित विद्युतीय केवल यथाशीघ्र हटाउने ।

९. बजार क्षेत्र भित्र अत्यावश्यक सवारीका साधन (एम्बुलेन्स, दम्कल, सुरक्षा, दुध, सरसफाई र सववहान आदी) बाहेकका अन्य कुनैपनी सवारीका साधन बजार क्षेत्रभित्र प्रवेश हुने छैनन् ।

२०८१/०७/२६

खिमानन्द भुसाल
प्रमुख प्रशासकीय अधिकृत

खिमानन्द भुसाल
प्रमुख प्रशासकीय अधिकृत